# गौमुखी गाँउपालिका

## समाजकल्याण कोष संचालन  कार्यविधी २०७५

## गौमुखी गाँउपालिका
## गाँउकार्यपालिकाको कार्यालय
## पुजा प्यूठान
## ५ नं. प्रदेश नेपाल

## गौमुखी गाँउपालिका समाजकल्याण कोष संचालन कार्यविधी २०७५

### गाँउसभाबाट स्विकृत मिति :

**प्रस्तावना :** गौमुखी गाँउपालिका क्षेत्रभित्रका महिला,बालबालिका,अपांग तथा ज्येष्ठ नागरिकहरु लाइ आर्थिक सहयोग एवं प्रोत्साहन गर्नका लागि गौमुखी गाँउपालिका गाँउकार्यपालिकाको कार्यालयले यो कार्यबिधी जारी गरेको छ ।

**परिच्छेद १**

**संक्षिप्त नाम र प्रारम्भ :** यस कार्यविधिको नाम "**समाजकल्याण कोष संचालन कार्यविधी"** रहेको छ ।

**परिभाषा :** बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

१ **गौमुखी गाँउपालिका क्षेत्र** भन्नाले "**गौमुखी गाँउपालिका स्थित १ देखी ७ वडामा अवस्थीत स्थानहरु "** सम्झनुपर्दछ ।

२ **महिला** भन्नाले "**आर्थिक रुपमा विपन्न एकल महिला"** सम्झनुपर्दछ ।

३ **बालबालिका** भन्नाले "**१८ बर्ष मुनिका बालक वा बालिका"** सम्झनुपर्दछ ।

४ **अपांग** भन्नाले "**अपांगता परिचयपत्र वितरण कार्यविधी २०७५ अनुसार परिचय पत्र प्राप्त अशक्तता भएका व्यक्ती"** सम्झनुपर्दछ ।

**ज्येष्ठ नागरिक** भन्नाले " **६० बर्ष उमेर पगेका व्यक्ती"** सम्झनुपर्दछ ।

**परिच्छेद २**

**उद्धेश्य र मापदण्ड :**

यस कार्यविधीको उद्धेश्य देहायबमोजिम रहनेछ

१ गौमुखी गाँउपालिका क्षेत्रभित्रका महिला ,बालबालिका , अपांग तथा ज्येष्ठ नागरिकहरुलाइ आर्थिक सहायता उपलब्ध गराउने ।

आर्थिक सहायता मापदण्ड देहायबमोजिम रहनेछ :

१ यस कोषबाट एक व्यक्तीलाइ एकपटक मात्र सहयोग गर्न सकिनेछ ।

२ यस कोषबाट तोकीएको वर्ग ( महिला ,बालबालिका,अपांग र ज्येष्ठ नागरिक) लाइ मात्र सहयोग गर्न सकिनेछ ।

३ यस कोषबाट एकजनालाइ अधिकतम रु ८०००। सम्म मात्र सहयोग गर्न सकिनेछ ।

४ यस कोषबाट औषधीउपचार,सहायक सामाग्री तथा पोषणयूक्त सामाग्रीको लागि मात्र सहयोग गर्न सकिनेछ ।

५ औषधीउपचारको लागि सहयोग माग गर्ने व्यक्तीले सम्बन्धीत वडा कार्यालयको सिफारिसपत्र तथा उपचार गराएको अस्पतालको मेडीकल रिर्पोट अनिवार्य पेश गर्नुपर्नेछ ।

६ सहायक सामाग्रीको लागि सहयोग माग गर्ने व्यक्तीले अपांगता खुल्ने परिचयपत्र ,सम्बन्धीत वडा कार्यालयको सिफारिसपत्र तथा आवश्यक पर्ने सहायक सामाग्रीको नाम र अनुमानीत बजार मुल्य खुलाईएको निवेदनपत्र पेश गर्नुपर्नेछ ।

७ पोषण सामाग्रीको लागि सहयोग माग गर्ने व्यक्तीले सम्बन्धीत वडा कार्यालयको सिफारिसपत्र, तथा पोषण सामाग्री आवश्यक भएको व्यहोराको स्थानिय स्वास्थ्य चौकी वा अस्पत्तालको सिफारिसपत्र वा कुपोषण प्रभावित भएको खुल्ने मेडीकल कागजात पेश गर्नुपर्नेछ ।

**परिच्छेद ३**

**आर्थिक सहयोग बितरण प्रक्रीया :**

परिच्छेद २ मा तोकीएबमोजिमका कागजनत एवं प्रक्रीया पुर्याइ आएको निवेदन अनुसार गौमुखी गाँउपालिका महिला बालबालिका तथा समाजकल्याण शाखाबाट सहयोगको लागि सिफारिस गर्नुपर्नेछ र सोही सिफारिस बमोजिमको सहयोग उपलब्ध गराइनेछ ।

परिच्छेद ४

अभिलेख सम्बन्धी व्यवस्था :

यस कोषबाट सेवा लिने लाभग्राहीहरुको विवरण गौमुखी गाँउपालिका महिला बालबालिका तथा समाजकल्याण शाखामा अभिलेख राख्नुपर्नेछ ।